January 15th, 2025

Wednesday

National News

<u>प्रमुख समाचार:</u>

1. भारतले विस्तारवादको भावनामा नभई विकासको भावनामा काम गर्ने प्रधानमन्त्री श्री नरेन्द्र मोदीको धारणा
2. 77 औं सेना दिवस हर्षोल्लासका साथ मनाइँदै
3. 'मेक इन इन्डिया' पहलका साथ जर्मनीको फ्रैंकफर्टमा हाइम टेक्टिल २०२५ मा भारतीय मण्डपको सुरुवात
4. दिल्ली विधानसभा चुनावका लागि आज प्रमुख नेताहरूद्वारा उम्मेदवारी दर्ता
5. महिला क्रिकेटमा, भारत आयरल्याण्डलाई पराजित गर्दै अहिलेसम्मकै ठूलो जित दर्ता गर्न सफल

## 1. PM ISKON

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नवी मुम्बईको खारघरमा रहेको इस्कॉन मन्दिरको उद्घाटन गर्नुभएको छ । सो अवसरमा बोल्दै प्रधानमन्त्रीले श्री श्री राधा मदनमोहनजी मन्दिरले अध्यात्म र ज्ञानको सम्पूर्ण परम्परा झल्काउने बताउनुभयो । यस अवसरमा महाराष्ट्रका राज्यपाल श्री सीपी राधाकृष्णन, मुख्यमन्त्री श्री देवेन्द्र फडणवीस, उपमुख्यमन्त्री श्री एकनाथ शिन्दे पनि उपस्थित हुनुहुन्थ्यो।

## 2. PM Mumbai Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतले विस्तारवादको भावनामा नभई विकासको भावनामा काम गर्ने बताउनुभएको छ। उहाँले भारतले सधैं खुला, सुरक्षित, समावेशी र समृद्ध हिन्द-प्रशान्त क्षेत्रलाई समर्थन गरेको बताउनुभयो । श्री मोदीले आज मुम्बईको नौसेना डकयार्डमा तीन प्रमुख नौसेना युद्धपोत आईएनएस सूरत, आईएनएस नीलगिरी र आईएनएस वाघशिरको

लोकार्पण गर्नुभयो। सो अवसरमा बोल्दै प्रधानमन्त्रीले भारतको समुद्री सम्पदा, नौसेनाको गौरवशाली इतिहास र आत्मनिर्भर भारत अभियानको लागि आज ठूलो दिन हो भन्नुभयो। उहाँले तीनवटै अग्रणी युद्धपोत भारतमा निर्माण हुनु गर्वको विषय भएको बताउनुभयो। श्री मोदीले सबै हितधारकहरूलाई बधाई दिनुभयो। रक्षामन्त्री श्री राजनाथ सिंहले यो वर्ष रक्षा क्षेत्रका लागि 'सुधारको वर्ष' हो र रक्षा क्षेत्रले यस वर्षको अन्त्यसम्ममा धेरै सुधारहरू लागू गर्ने बताउनुभयो।

## 3. Army Day

आज सतत्तरौं सेना दिवस हर्षोल्लासका साथ मनाइँदैछ ।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गृहमन्त्री श्री अमित शाह र रक्षा प्रमुख जनरल श्री अनिल चौहानले यस अवसरमा सेनाका जवान र पूर्व सैनिकहरूलाई बधाई दिनुभएको छ। शुभकामना सन्देशमा राष्ट्रपतिले राष्ट्रिय सुरक्षामा सेनाको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै मातृभूमिको सेवामा सेनाले दिएको त्यागलाई राष्ट्रले कृतज्ञताका साथ सम्झने बताउनुभयो । उहाँले संकट र प्रकोपमा भारतीय सेनाको मानवीय कार्यको प्रशंसा गर्नुभयो ।

## 4. Jaishankar – Spain Prez

विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले स्पेनका राष्ट्रपति श्री पेड्रो सान्चेजसँग भेट गर्नुभएको छ। डा. जयशंकर दुई दिने स्पेन भ्रमणमा हुनुहुन्छ। एक सामाजिक सञ्जाल पोस्टमा डा जयशंकरले राष्ट्रपति श्री सान्चेजको सफल भारत भ्रमणको सम्झना गर्नुभयो र दीर्घकालीन साझेदारीलाई पुन: पुष्टि गर्नुभयो । उहाँले म्याड्रिडमा भएको वार्ता र दुई देशबीचको आपसी वार्तामा भएको प्रगतिबारे स्पेनी राष्ट्रपतिलाई जानकारी गराउनुभयो ।

## 5. Singapore Prez – India Visit

सिंगापुरका राष्ट्रपति श्री थर्मन शान्मुगरात्नडम उच्चस्तरीय प्रतिनिधिमण्डलसहित पाँच दिने राजकीय भ्रमणमा हिजो राति नयाँ दिल्ली आइपुग्नुभएको छ । सिंगापुरको राष्ट्रपतिका रूपमा उहाँको यो पहिलो भारत भ्रमण हो। सिंगापुरका राष्ट्रपतिले भोलि राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुसँग भेट गर्नु हुनेछ। उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदी र विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरसँग पनि भेट गर्ने कार्यक्रम छ ।

## 6. Meta – Apology

मेटा इन्डियाले आफ्नो प्रमुख कार्यकारी अधिकृत श्री मार्क जुकरबर्गको बयानको लागि माफी मागेको छ। उहाँको बयानमा भारतको वर्तमान सरकारले कोभिड-१९ महामारीलाई राम्ररी नसम्हालेको कारण २०२४ को चुनावमा हारेको उल्लेख छ। उहाँको टिप्पणीमाथि विवाद चर्केपछि कम्पनीले माफी मागेको छ र यसलाई "अनजान गल्ती" भनेको छ।

## 7. Congress - Headquarters

कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गे र कांग्रेस संसदीय दल अध्यक्ष श्रीमती सोनिया गान्धीले आज नयाँ दिल्लीमा पार्टीको नयाँ मुख्यालय 'इन्दिरा भवन' को उद्घाटन गर्नुभयो । यस अवसरमा कांग्रेस नेता श्री राहुल गान्धी, प्रियंका गान्धी वाड्रा लगायत अन्यको उपस्थिति थियो। प्रजातन्त्र, राष्ट्रवाद, धर्मनिरपेक्षता, समावेशी विकास र सामाजिक न्यायका सिद्धान्तका आधारमा पार्टीको नयाँ मुख्यालय निर्माण गरिएको श्री खर्गेले बताउनुभयो ।

## 8. Delhi Election Nomination

दिल्ली विधानसभा चुनावका लागि आज प्रमुख नेताहरूले उम्मेदवारी दर्ता गरेका छन्। नयाँ दिल्ली विधानसभा क्षेत्रबाट आम आदमी पार्टीका प्रमुख श्री अरविन्द केजरीवाल र भारतीय जनता पार्टीका नेता श्री प्रवेश वर्माले उम्मेदवारी दर्ता गराउनुभएको छ। भाजपा नेता श्री सतीश उपाध्यायले पनि मालवीय नगर सीटबाट उम्मेदवारी दर्ता गराउनुभएको छ। कालकाजी विधानसभा क्षेत्रबाट भाजपाका उम्मेदवार श्री रमेश बिधुरीले उम्मेदवारी दर्ता गराउनुभएको छ। श्री बिधुरीले मुख्यमन्त्री आतिशीसित प्रतिस्पर्धा गर्नु हुनेछ। उम्मेदवारी दर्ता गरेपछि श्री केजरीवालले आम आदमी पार्टीले विगत १० वर्षमा गरेको कामको आधारमा चुनाव लडिरहेको बताउनुभयो ।

## 9. Heim Textil - Giriraj

वस्त्र मन्त्री श्री गिरिराज सिंहले 'मेक इन इन्डिया' पहललाई प्रमुख रणनीतिका रुपमा व्याख्या गर्नुभएको छ। यो पहलले भारतलाई प्रतिस्पर्धी उत्पादन केन्द्रको रूपमा तयार गर्न मद्दत गरिरहेको छ। श्री सिंहले जर्मनीको फ्रान्कफर्टमा हाइम टेक्टिल २०२५ मा भारत मण्डपको उद्घाटन गर्नुभयो। उहाँले पछिल्लो १० वर्षमा भारतको विकास गाथा र बढ्दो विदेशी प्रत्यक्ष

लगानीमा जोड दिनुभयो। जर्मन उत्पादकहरूले भारतमा लगानी र मेसिनरी उत्पादन गर्दा दुवै देशले लाभ उठाउनेछन्।

## 10. CISF – New Battalion

सरकारले केन्द्रीय औद्योगिक सुरक्षा बल-CISF को दुई नयाँ रिजर्भ बटालियन बनाउन स्वीकृति दिइएको छ । यससँगै कुल बटालियनको संख्या १३ बाट बढेर १५ पुग्नेछ । नयाँ बटालियनमा विभिन्न तहका करिब एक हजार २५ सुरक्षाकर्मी रहने र त्यसको नेतृत्व एकजना वरिष्ठ कमाण्डेन्ट तहका अधिकृतले गर्ने गृह मन्त्रालयले जनाएको छ ।

## 11. Women Cricket

महिला क्रिकेटमा भारतले आज गुजरातको राजकोटमा भएको तेस्रो एकदिवसीय खेलमा आयरल्याण्डलाई ३०४ रनले हराउँदै अहिलेसम्मकै ठूलो जित दर्ता गरेको छ । भारतले शृंखला ३–० ले जितेको छ ।

## 12. India Open Badminton

नयाँ दिल्लीमा जारी खुल्ला ब्याडमिन्टन प्रतियोगितामा लक्ष्य सेनले पुरुष एकल तर्फ ताइवानका लिन चुन-यीसँग खेल्नेछन्। यसअघि पुरुष एकलमा आज भारतीय खेलाडी प्रियांशु राजावत र एचएस प्रणॉय पहिलो चरणको खेलमा पराजित भएका थिए । महिला एकलमा भारतकी अनुपमा उपाध्याय महिला एकल प्रि क्वार्टरमा प्रवेश गरेकी छन् । भारतीय ब्याडमिन्टन खेलाडी मालविका बन्सोड र आकार्षि कश्यप आज दिउँसो प्रतियोगिताबाट बाहिरिएका छन् ।

## 13. Kho – Kho World Cup

खो खो विश्वकपमा आज साँझ नयाँ दिल्लीको इन्दिरा गान्धी इन्डोर स्टेडियममा भारतीय महिला टोलीले इरानको सामना गर्नेछ। त्यसैगरि भारतीय पुरुष टोलीले पेरुको सामना गर्नेछ। यो खेल बेलुका 8:15 देखि सुरु हुनेछ ।